# देवचुली नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९

**प्रस्तावना:**

देवचुली नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तवालाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनियक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम देवचुली नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधेयकको नाम **"आर्थिक विधेयक, २०७९"** रहेको छ।

(२) यो विधेयक २०७९ साल श्रावण १ गते देखि देवचुली नगरपालिका क्षेत्रमा लागू हुनेछ।

(३) **सम्पति कर:** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा (सम्पत्ति कर) लगाइने र असूल उपर गरिनेछ।

(४) **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(५) **घर बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संघ/संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

(६) **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(७) **जडीबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु हाड, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

(८) **यातायात व्यवसायी दर्ता र पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका यातायात व्यवसायी र नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराउने अनुसूचि (६) बमोजिक कर लगाइने छ।

(९) **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(१०) **मनोरञ्जन कर:** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(११) **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, प्रति, सरकारी, सार्वजनिक जग्गा वा त्यसमा बनेका घर, भवन, टहरा नगरपालिकाले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

(१२) **ट्रेकिङः, कायाकिङ्ग क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

(१३) **सेवा शुल्क दस्तुरः** नगरपालिकाले निर्माण,संचालन  वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

(१४) **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(१५) **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी नगरपालिकाले तोके अनुसार हुनेछ।